# सिलबन्दी दरभाउपत्र आह्वानको सूचना

## प्रथम पटक सुचना प्रकाशित मितिः २०८२।०९।२५ गते

जुनीचाँदे गाउँपालिका अन्तर्गत सबैका लागी दिगो खानेपानी, सरसफाइ तथा स्वच्छता आयोजनाको सहयोगमा वडा नं २ र वडा न. ६ मा सञ्चालित तपसिल अनुसारका खानेपानी तथा सरसफाइ योजनाहरूको लागि सबैका लागी दिगो खानेपानी तथा सरसफाइ आयोजनाको बाह्य निर्माण सामग्री खरिद कार्यविधि २०७९ (पहिलो संसोधन २०८१) बमोजिम खानेपानी योजना निर्माणमा प्रयोग हुने निर्माण सामग्रीहरू, पाइपहरू तथा फिटीङ्गस् खरिद गर्नुपर्ने भएकोले दरभाउपत्रमा उल्लेखित परिमाण तथा दरभाउपत्र साथ उपलब्ध गराइएको स्पेशीफिकेशन वमोजिमको तौल र गुणस्तरका सामानहरू निम्न शर्तहरूको अधिनमा रही सप्लाई गर्न इच्छुक मूल्य अभिवृदी करमा दर्ता भएका फर्म वा सप्लायरबाट सिलबन्दी दरभाउपत्र आह्वान गरिएको छ ।

तपसिल

| सिलबन्दी दरभाउपत्र नंम्बर | खानेपानी तथा सरसफाई योजनाको नाम | उपभोक्ता समितिको बैंक खाता नम्बर | सिलबन्दी दरभाउपत्रको अनुमानित रकम (भ्याट र ढुवानी बाहेकको) | दरभाउपत्र खरिद रकम (पछि फिर्ता नहुने गरि) | बोलपत्र जमानत वापतको रकम रु |
|---|---|---|---|---|---|
| WASH/SQ/ 01/082/083 | माथिकरुवा खानेपानी तथा सरसफाइ आयोजना,जुनीचाँदे,-६ जाजरकोट | **०७२६३०५७०३९८४०१५** | १५,७२,२३२.३१ । | १,०००। | ३९,३०५। |
| WASH/SQ/ 02/082/083 | छिपछिपे खानेपानी तथा सरसफाइ आयोजना जुनीचाँदे-२ जाजरकोट | **०७२६३०५७०२१७३०१३** | १६,३२,३१९.८२। | १,००० । | ४०,८०८। |

**शर्तहरुः**

१ विभिन्न आवश्यक निर्माण सामग्री, पाइप तथा फिटीङ्गस्हरू सप्लाइ सम्बन्धी दरभाउपत्र फारम प्रति फारम माथि उल्लेखीत शुल्क तिरी (पछि फिर्ता नहुने गरी) जुनीचाँदे गाउँपालिकामा रहेको **कृषि विकास बैंक** शाखामा ग १.१ आन्तरिक राजस्व खाता नं ०७२६३०५१३१२१९०१० नगदै रकम दाखिला गरेको भौचर प्रतिलिपि पेस गरेमा खरिद गर्न पाईनेछ र दरभाउपत्र पेस गर्दा सम्बन्धित उपभोक्ता समितिको नाममा बैकमा रहेको खाता नम्बरमा वैँक ग्यारेन्टी सहीत लिखित निवेदनको साथमा सिलबन्दी दरभाउपत्रदाताले खरिद कारबाहीमा भाग लिन अयोग्य नभएको, प्रस्तावित खरिद कारबाहीमा आफ्नो स्वार्थ नबाझिएको र सम्बन्धित पेशा वा व्यवसाय सम्बन्धी कसुरमा आफुले सजाय नपाएको भनी लिखित रुपमा गरेको स्वः घोषणाको सक्कल प्रतिलिपि, फर्म दर्ता, मूल्य अभिवृद्धि कर दर्ता, अद्यावधिक कर चुक्ताको प्रमाणपत्रहरू नोटरी पब्लिक फर्मबाट प्रमाणित भएको प्रतिलिपिहरू सहित यो सूचना प्रकाशित भएको मितिले पन्ध्रौं दिनको (२०८२।१०।०९गते) कार्यालय समय भित्र जुनीचाँदे गाउँकार्यपालिकाको वास इकाई वा सबैका लागि दिगो खानेपानी सरसफाइ तथा स्वच्छता आयोजना सहयोग इकाई, सुर्खेत वाट खरिद गर्न सकिनेछ ।

२ खरिद गरिएको दरभाउपत्र फारामहरू रीतपूर्वक भरी सूचना प्रकाशित भएको सोह्रौं दिनको १२ बजे भित्र प्रचलित कानुन बमोजिम बैंक ग्यारेन्टी जारी गर्न योग्य वाणिज्य बैंक वा वितीय संस्थाबाट न्यूनतम दाखिला गर्ने अन्तिम

Scanned with CamScanner

श्री प्रमुख
जुनीचाँदे

मितिबाट ४५ दिनलाई मान्य बोलपत्र जमानत सहितको ग्यारेन्टी पत्र वा सम्बन्धित उपभोक्ताको समितिको बैकमा रहेको खाता नम्बरमा नगदै जम्मा गरेको सक्कलै भौचर र उपभोक्ता समितिको अध्यक्षलाई निवेदन सहित फाराम खरिद गरिएको कार्यालयमा दर्ता गराउनु पर्नेछ भने सप्लार्यसले कुनै एक वा सबै योजनाको लागि दरभाउ पत्र पेस गर्न सक्नेछ तर सो दरभाउ पत्रहरू प्रत्येक योजनाको फरक फरक भरि छुट्टा छुट्टै सिलबन्दी गरेको हुनुपर्ने छ । दरभाउपत्र फाराम सिलबन्दी गरी सिलबन्दी दरभाउपत्र नं, उपभोक्ता समितिको नाम, ठेगाना र निर्माण सामग्रीहरू, पाइप तथा फिटीङ्गस् सप्लाई सम्बन्धी दरभाउपत्र भन्ने ब्यहोरा लेख्नुपर्नेछ ।

३ सम्भावित सप्लायर र आपूर्तिकर्ताहरूलाई खरिदको सूचना प्रकाशन भएको मितिले बाह्रौं दिन दरभाउपत्र फाराम तथा खरिद गर्ने सामाग्रीहरूको स्पेसीफिकेसन वा कोटेसन पेस गर्ने तरिका आदिका बारेमा जानकारी दिन **Pre-Bid Meeting** गरिनेछ । यस्तो मिटिंग गाउँपालिका कार्यालयमा ब्यक्तिगतभेला गरेर वा दुरुस्त अनलाईन माध्यम वाट समेत गर्न सकिनेछ । साथै सप्लाएर आपूर्तिकर्ताबाट यस्तो जानकारी माग भएमा कुनै पनि समय इमेल वा पत्रको माध्यमबाट समेत दिइनेछ र सो को जानकारी अन्य सप्लाएर आपूर्तिकर्तालाई समेत दिइनेछ,

४ सफल दरभाउ पत्र दाताले दरभाउ पत्रको जम्मा अनुमानित रकमको १५ प्रतिशत भन्दा कम घटि भएमा ५ प्रतिशत र बढि घटि भएमा कार्य सम्पादन जमानत रकम रु = [०.८५ × लागत अनुमान – कबोल मूल्य) ×०.५]+५% कबोल मूल्यको हिसाब गरी कार्य सम्पादन जमानत रकम सम्बन्धित उपभोक्ताको समितिको बैक खातामा जम्मा गर्न पर्नेछ ।

५ सिलबन्दी दरभाउपत्र पेस गर्दा सप्लाएरको आधिकारिक प्रतिनिधि आफै उपस्थित भई वा हुलाक वा कुरियर मार्फत समेत पेस गर्न सकिनेछ। हुलाक वा कुरियर मार्फत पठाइएको सिलबन्दी दरभाउपत्र सूचना प्रकाशित भएको मितिले सोह्रौं दिनको १२ (२०८२।१०।१०) बजे भित्र जुनीचाँदे गाउँपालिकामा वास ईकाईमा दर्ता तथा पेस गर्न सकिनेछ ।

६ सप्लाई हुने सामग्रीहरूको भुक्तानी उपभोक्ता समितिले तोकिएको स्थान सम्म ढुवानी भै सामग्रीहरू प्राविधिक तथा सम्बन्धित उपभोक्ता समितिले चेकजाँच गरेपछि मात्र सप्लाइ भएको सामानको भुक्तानी दिइनेछ ।

७ उपरोक्त अनुसार प्राप्त भएका दरभाउपत्रहरू मिति २०८२।१०।१० गते दिउसो २:०० बजे गाउँकार्यपालिकाको कार्यालय जुनीचाँदे, जाजरकोट मा खरिद समितिका प्रतिनिधिहरू तथा साझेदार कार्यालयका प्रतिनिधिहरू र दरभाउपत्र दाताहरू वा निजहरूको प्रतिनिधिको रोहबरमा खोलिनेछ । दरभाउपत्रदाताको प्रतिनिधि उपस्थित नभएमा समेत दरभाउपत्र खोल्न बाधा पुग्नेछैन ।

८ दरभाउपत्र खरिद गर्ने, दर्ता गर्ने तथा खोल्ने अन्तिम दिनहरूमा सार्वजनिक विदा पर्न गएमा सो को भोलिपल्ट कार्यालय खुलेको दिन बिक्री गरिने, दर्ता गरिने वा खोलिनेछ ।

९ म्याद नाघी वा रीत नपुगी आएको दरभाउपत्र उपर कुनै कारबाही हुने छैन ।

१० दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने वा आंशिक रूपमा स्वीकृत गर्ने सम्पूर्ण अधिकार उपभोक्ता समितिहरूमा सुरक्षित रहनेछ ।

११ यस सम्बन्धी थप शर्तहरू दरभाउपत्र फाराम साथै उपलब्ध गराइनेछ । अन्य शर्तहरू आयोजनाको खरिद कार्यविधि बमोजिम हुनेछ ।

१२ यो सूचनामा केही संशोधन गर्नु परेमा सो को सूचना गाउँपालिकाको सूचना पाटीमा टाँस गरिनेछ

१३ अन्य थप जानकारी चाहिएमा जुनीचाँदे गाउँपालिका जाजरकोट अन्तर्गत खानेपानी, सरसफाइ तथा स्वच्छता इकाई (मोवाईल नम्बर ९८४७८४४३७३ वा ९८४३६७८०८१) मा सम्पर्क गर्न सकिनेछ ।

संयुक्त खरिद समिति
संयोजक

Scanned with CamScanner